# "Tourism for Prosperity"
## नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल्स् एजेन्टस् (नाट्टा)
## गण्डकी प्रदेश, पोखरा
## ३०औं बार्षिक साधारण सभा

## महासचिव द्वारा प्रस्तुत वार्षिक प्रतिवेदन

श्रद्धेय सभाअध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, नाट्टा केन्द्रका अध्यक्ष ज्यू, विशेष अतिथि ज्यूहरु, निवर्तमान अध्यक्ष ज्यू, संस्थापक अध्यक्ष ज्यू, पुर्व अध्यक्ष परिषदका संयोजक ज्यू, सह-संयोजक ज्यू, पुर्व अध्यक्ष ज्यूहरु, केन्द्रका पदाधिकारी एवं सदस्य ज्यूहरु, प्रदेश संघ र च्याप्टरका अध्यक्ष लगाएत प्रतिनिधि ज्यूहरु, आमन्त्रित बिशिष्ट महानुभावहरु एवं यस सम्मानित साधारण सभामा उपस्थित नाट्टा गण्डकी प्रदेशका आदरणीय सदस्य ज्यूहरु, पत्रकार ज्यूहरु र उपस्थित महिला तथा सज्जन बृन्द्धमा म नाट्टा गण्डकी प्रदेशको महासचिवको यहाँहरुलाई हार्दिक स्वागत तथा नमन अर्पण गर्न चाहान्छु ।

सर्वप्रथम संघको २९औं वार्षिक साधारण सभा तथा १३ औं अधिवेशनबाट यहाँहरुले प्रदान गर्नु भएको जिम्मेवारीलाई ग्रहण गर्दै आज यस ३०औ सम्मानित साधारण सभामा हजुरहरु समक्ष नाट्टा गण्डकी प्रदेशको महासचिवको हैसियतले संघको बार्षिक गतिविधिहरु प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वित महसुस गरेको छु ।

सन् १९६६ मा नाट्टा केन्द्र स्थापना भई केन्द्रीय कार्यालयको मातहतमा रही नाट्टा पोखरा, गण्डकी च्याप्टर, पश्चिमाञ्चल क्षेत्रीय संघ हुँदै गण्डकी प्रदेश संघ सम्म आईपुग्न योगदान गर्नुहुने सम्पूर्ण अग्रजहरु प्रति हार्दिक कृतज्ञता एवं सम्मान व्यक्त गर्न चाहान्छु । संघले आफ्नो स्थापनाकालदेखि आजसम्म आफ्ना सदस्यहरुको हकहित र देशको पर्यटन प्रर्बद्धनको क्षेत्रमा महत्वपूर्ण योगदान गर्दै आएको स्मरण गराउन चाहान्छु । यसै क्रममा संघले विभिन्न आरोह र अवरोहको सामना गर्दै यस बर्ष सम्पन्न गरेका कार्यक्रमहरु र आगामी बर्षका लागि लक्षित कार्ययोजनाहरु संक्षिप्त रुपमा यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**अध्यक्ष महोदय एवं उपस्थित सम्पुर्ण महानुभावहरु :**

**<u>संघले गत आ.व.२०८१/०८२ (२०२४/२०२५) मा सम्पन्न गरेका कार्यक्रमहरु निम्नानुसार रहेका जानकारी गराउन चाहान्छु ।</u>**

### १. संघको २९ औ वार्षिक साधारण सभा तथा १३ औं अधिवेशन :

मिति २०८१ श्रावण २९ गते मंगलबार होटल पोखरा भिलेजको सभाहलमा गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डे ज्यूको प्रमुख आथित्यतामा पानसमा दिप प्रज्वलन गरी कार्यक्रमको समुद्घाटन गरिएको थियो । संघका अध्यक्ष श्री हरिराम अधिकारी ज्यूको अध्यक्षतामा सम्पन्न समारोहका संयोजन संघका प्रथम उपाध्यक्ष श्री किशोर दाहाल ज्यू रहनु भएको थियो ।

सो समारोहमा स्व.मनोहरा स्मृति पर्यटन पुरस्कारबाट **टेम्पल ट्रि टुर्स एण्ड ट्राभल्स प्रा.लि.**का प्रबन्धक **श्री राम प्रसाद दुवाडी** ज्यूलाई सम्मान एवं पुरस्कार प्रदान गर्नुका साथै पुराना र हालसम्म नियमित कारोबार गरिरहेका कम्पनिहरु **१. ओपन हार्ट ट्राभल्स एण्ड टुर्स प्रा.लि. २. कम्यूनिटी नेपाल ट्राभल्स एण्ड टुर्स प्रा.लि** लाई सम्मान गरिएको थियो ।
उक्त भव्य समारोहमा बिशेष अतिथि नाट्टा केन्द्रका अध्यक्ष कुमार मणि थपलिया ज्यू, प्रदेश संघका अध्यक्ष ज्यूहरु,च्याप्टरहरुका आदरणीय अध्यक्ष ज्यूहरु,संघका पदाधिकारी ज्यूहरु एवं कार्यसमिति सदस्य ज्यूहरु, पत्रकार महासंघ कास्कीका अध्यक्ष ज्यू, लगायत विभिन्न संघ संस्थाका अध्यक्ष एवं प्रतिनिधि ज्यूहरु, पत्रकार ज्यूहरु, संघका सदस्य ज्यूहरुको उल्लेख्यि सहभागीतामा उक्त २९ औं साधारण सभा सम्पन्न भएको थियो । उक्त साधारण सभा तथा १३औं अधिवेशन सम्पन्न गर्न प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण पदाधिकारी ज्यूहरु तथा कार्यसमिति सदस्य ज्यूहरुलाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

**२. पदस्थापना तथा दस्ताबेज हस्तान्तरण :**

मिति २०८१ श्रावण २९ गते सम्पन्न संघको २९ औं बार्षिक साधारण सभा तथा १३ औं अधिवेशनबाट नयाँ कार्यसमिति चयन भई उक्त कार्य समितिलाई निर्वाचन कमिटीद्धारा पदस्थापन पश्चात निवर्तमान कार्यसमिति बाट नव निर्वाचित कार्यसमितिलाई पदभार तथा दस्तावेज हस्तान्तरण कार्यक्रम सम्पन्न गरिएको थियो । साथै नव निर्वाचित कार्यसमितिको बैठक बसी विधानमा उल्लेख भए बमोजिम कार्यसमितिको सुझावमा नव निर्वाचित अध्यक्ष ज्यूबाट २ जना सदस्य मनोनयन गर्न पाउने व्यवस्था अनुरुप संघका सदस्य श्री गीता सिग्देल लम्साल र प्रेम सागर रिमाल ज्यूलाई सर्वसम्मत मनोनयन गरि कार्यसमितिलाई पूर्णता दिइएको थियो ।

**३. पूर्व अध्यक्ष परिषद गठनः**

नाट्टा गण्डकी प्रदेशको बर्ष 2024-2026 का लागि पूर्व अध्यक्ष परिषदको संयोजक र सह-संयोजकमा संस्थाका पूर्व अध्यक्ष द्धय श्री बासुदेव त्रिपाठी संयोजक पदमा र श्री सन्तोष पोखरेल सह-संयोजक एवं अन्य पूर्व अध्यक्षहरु सदस्य पदमा सर्वसम्मत निर्वाचित हुनु भएको थियो ।

**४. संघले सम्पन्न गरेका तालिम एवं कार्यक्रमहरु :**

**क. कर तथा लेखा अभिमुखीकरण तालिम :**

मिति २०८१ असोज २ गते कर तथा लेखा अभिमुखिकरण तालिम संघका अध्यक्ष श्री किशोर दाहाल ज्यूको अध्यक्षतामा नेपाल पर्यटन बार्डको सभाहलमा सम्पन्न भएको थियो । पोखरा पर्यटन परिषदका अध्यक्ष श्री तारानाथ पाहारी ज्यूको प्रमुख आतिथ्यतामा, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका वरिष्ठ अधिकृत श्री कुन्दन राज मिश्र ज्यूको आतिथ्यतामा, आन्तरिक राजश्व कार्यालयका वरिष्ठ कर अधिकृत श्री ठाकुर प्रसाद सुवेदी ज्यूले प्रशिक्षण दिनु भएको थियो । नाट्टा गण्डकी प्रदेशका सचिव श्री नवराज भण्डारी ज्यूको संयोजनमा सम्पन्न कार्यक्रममा ७० जना प्रशिक्षार्थी सदस्यहरुको सहभागिता रहेको थियो

। कार्यक्रमको समापन समारोहमा संस्थाका पूर्व अध्यक्ष परिषदका संयोजक ज्यू, पूर्व अध्यक्ष ज्यूहरु, सम्पूर्ण कार्यसमिति सदस्य ज्यूहरुको सहभागितामा सम्पन्न भएको थियो । व्यवसायको हिसाब चुस्त दुरुस्त राख्नका साथै लेखा एवं करको कारणले आउने व्यवधान र यसको समाधानका निम्ति उक्त तालिम आयोजना गरिएको थियो । कार्यक्रमलाई सभ्य र भव्य रुपमा सम्पन्न गर्न सहयोग गर्नुहुने आन्तरिक राजश्व कार्यालय कास्की, संघका पदाधिकारी ज्यूहरु, कार्यसमितिका सदस्यज्यूहरु लगायत प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्णमा हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्न चाहान्छौँ ।

## ख. Search Engine Optimization (SEO) तालिम :

नाट्टा गण्डकी प्रदेश र केन्द्रको संयुक्त आयोजना एवं USAID को सहकार्यमा मिति २०८१ असोज ७ र ८ गते **Search Engine Optimization (SEO)** अन्तर्गत २ दिने तालिम होटल बाराहीमा सफलतापूर्वक सम्पन्न भएको थियो । तालिमले सहभागी सदस्यहरुलाई पर्यटन व्यवसायमा Digital माध्यमको प्रयोग, **Website** लाई **Search Engine** मा प्रभावकारी बनाउने तरिकाहरु र प्रतिस्पर्धात्मक बजारमा **Onlin**e दक्षता बढाउने उपायहरु बारे व्यवहारिक ज्ञानले व्यवसायलाई **Digital** प्रविधिसँग पहुँच पुऱ्याउने उदेश्य रहेको थियो । उक्त कार्यक्रमको विधिवत समापन समारोहको अध्यक्षता नाट्टा गण्डकी प्रदेशका अध्यक्ष श्री किशोर दाहाल ज्यूको अध्यक्षतामा संचालन संघका महासचिव श्री चेत बहादुर कार्की (चेतन) ज्यूले गर्नु भएको थियो । कार्यक्रमको संयोजन संस्थाका सचिव श्री नवराज भण्डारी ज्युले गर्नुभएको थियो । साथै श्री सोकि शाक्य र श्री इन्सा मल्ल ज्यूले प्रशिक्षकको भुमिका निर्वाह गर्नुभएको थियो । तालिममा ४० जना संस्थासंग आवद्ध सदस्य ज्यूहरुले सहभागीता रहको थियो । तालिम समापन कार्यक्रममा संघका पूर्व अध्यक्ष परिषदका संयोजक श्री बासुदेव त्रिपाठी ज्यू, पूर्व अध्यक्ष ज्यूहरु संघका पदाधिकारी ज्यूहरु, कार्यसमिति सदस्य ज्यूहरु, प्रशिक्षक ज्यूहरु, प्रशिक्षार्थीहरुको उपस्थितिमा सम्पन्न भएको थियो । उक्त कार्यक्रमको आयोजना गर्न सहजीकरण गर्नुहुने नाट्टा केन्द्र र **USAID Trade & Compatibleness** तथा सहभागीहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छौँ ।

## ग. चिनियाँ भाषा तालिम सञ्चालन

मिति २०८२ जेठ १४ देखि असार ३० गते सम्म नेपाल एशोसियशन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) गण्डकी प्रदेशको आयोजना तथा नेपाल पर्यटन बोर्डको सहयोगमा ४५ दिने चिनियाँ भाषा तालिम संञ्चालन भएको थियो । उक्त तालिम नेपाल पर्यटन बोर्डको सभाहलमा दैनिक दूई घण्टा समय व्यवस्थापन गरेर तालिम संञ्चालन भएको थियो । पोखरा र यसका वरिपरिका सम्पूर्ण पर्यटन व्यवसायीहरु, कर्मचारीहरु, विधार्थीहरु तथा पर्यटक प्रहरीहरु प्रशिक्षार्थीका रुपमा सहभागी रहनु भएको थियो ।

यस भाषा तालिमको उदेश्य सहभागी सदस्यहरुलाई आधारभूत चिनियाँ भाषा सिकाउने, व्यवसायिक प्रर्बद्धनमा सहयोग, साँस्कृतिक चिनारी, पर्यटकहरु प्रति आत्मियता, दिगो पर्यटन व्यवसायमा प्रर्बद्धन,

भाषागत अवरोध तथा कठिनाइ निवारण लगाएत सम्पूर्ण व्यवसायिक क्षेत्रहरु लाभान्वित हुने लक्ष्य राखिएको थियो ।

उक्त कार्यक्रमको औपचारिक उद्‌घाटन सत्र संस्थाका अध्यक्ष श्री किशोर दाहाल ज्यूको अध्यक्षतामा उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश सरकारका माननीय मन्त्री श्री मित्रलाल बस्याल ज्यूको प्रमुख आतिथ्यतामा, संस्थाका निवर्तमान अध्यक्ष श्री हरिराम अधिकारी ज्यू, बिशेष अतिथि नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख श्री मणिराज लामिछाने ज्यू, पोखरा भ्रमण बर्ष कार्य सम्पादन समितिका संयोजक श्री गोपी बहादुर भट्टराई ज्यू, पूर्व अध्यक्ष परिषदका संयोजक श्री बासुदेव त्रिपाठी ज्यू, पूर्व अध्यक्ष ज्यूहरु, विभिन्न संघ संस्थाबाट पाल्नुभएका अध्यक्ष ज्यूहरु एवं प्रतिनिधि ज्यूहरु कार्यक्रममा सहभागी प्रशिक्षक र प्रशिक्षार्थीहरु, पत्रकार ज्यूहरु, संस्थाका पदाधिकारी ज्यूहरु तथा कार्यसमिति सदस्य ज्यूहरुको सम-उपस्थितिमा तालिमको समुदघाटन भै समापन समारोह पनि संस्थाका अध्यक्ष श्री किशोर दाहाल ज्यूको अध्यक्षतामा प्रमुख अतिथि नेपाल पर्यटन बोर्डका प्रमुख श्री मणिराज लामिछाने ज्यको आतिथ्यतामा, निवर्तमान अध्यक्ष श्री हरिराम अधिकारी ज्यू, पूर्व अध्यक्ष परिषदका संयोजक श्री बासुदेव त्रिपाठी ज्यू, पूर्व अध्यक्ष ज्यूहरु, विभिन्न संघ संस्था बाट उपस्थित हुनुभएका अध्यक्ष ज्यूहरु एवं प्रतिनिधि ज्यूहरु, कार्यक्रम सम्पन्न गर्न अहम भूमिका खेल्ने चिनियाँ प्रशिक्षक द्वय **Miss Rhea**, **Miss Han** ज्यू, प्रशिक्षार्थी ज्यूहरु, पत्रकार ज्यूहरु, संस्थाका कार्यसमिति सदस्य ज्यूहरुको उपस्थितिमा प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र वितरण गरी सव्य र भव्य रुपमा यस कार्यक्रम सम्पन्न भएको थियो । साथै यस कार्यक्रमको संयोजन संघका सचिव श्री नवराज भण्डारी ज्यूले गर्नुभएको थियो ।

यसै सन्दर्भमा संस्थाको तर्फबाट नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश, प्रशिक्षक, प्रशिक्षार्थी एवं प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण शुभचिन्तक प्रति संस्थाको तर्फबाट हार्दिक आभार तथा धन्यवाद प्रकट गर्न चाहान्छौँ ।

## ५. शुभकामना आदान प्रदान कार्यक्रम :

मिति २०८१ असोज २१ गते पोखरा पर्यटन परिषद तथा परिषदसँग आवद्ध संघ संस्थाहरुको आयोजनामा विजयादशमी, दिपावली, छठ तथा नेपाल संम्वतको पावन अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम लेकसाइड स्थित बुमऱ्याङ रेष्टुरेन्टमा सम्पन्न भएको थियो ।

## ६.अन्तरक्रिया कार्यक्रम एवं छलफलहरु :

**क**) मिति २०८१ भदौ ९ गते कानुन अन्वेषण तथा सोत्रविकास केन्द्र (**सेलर्ड**) को आयोजनामा तथा संघको सहकार्यमा टिका रिसोर्ट लेकसाईडमा बालबालिकाको इन्टरनेट सुरक्षा तथा उनीहरुको इन्टरनेटमा पहुँचको अधिकार सुनिश्चितता विषयक एक दिने **Draft Children Protection Policy for Travel & Tour Agencies** अर्न्तगत **अन्तरक्रिया तथा छलफल** कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा नाट्टा गण्डकी प्रदेशका पूर्व अध्यक्ष परिषदका संयोजक श्री बासुदेव त्रिपाठी ज्यू, पूर्व अध्यक्ष ज्यूहरु, पर्यटन व्यवसायसँग आबद्ध सम्पूर्ण संघ संस्थाका अध्यक्ष ज्यूहरु, प्रतिनिधि ज्यूहरु, व्यवसायीहरु,

कार्यक्रम सहकार्य गर्नका लागि सहयोग गर्नुहुने सेलर्डका प्रतिनिधी ज्यूहरुको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो ।

यस कार्यक्रको संयोजक संघका प्रथम उपाध्यक्ष श्री संगीता पौडेल ज्यूले गर्नु भएको थियो । कार्यक्रम आयोजना गर्नका लागि सहकार्य एवं सहयोग गर्नुहुने **सेलर्ड** एवं उपस्थित सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

## .ख) यथाशिघ्र अन्तराष्ट्रिय उडान सञ्चालनको लागि छलफल कार्यक्रमः

मिति २०८१ पुस १० गते पोखरा अन्तराष्ट्रिय विमानस्थलबाट नियमित अन्तराष्ट्रिय उडान यथाशिघ्र सञ्चालन कसरी गर्न सकिन्छ र यस विमानस्थल सम्बन्धी फैलिएका नकारात्मक भ्रमहरु लाई चिर्ने उद्धेश्यका साथ आयोजना गरिएको छलफल तथा अन्तरक्रिया कार्यक्रम नाट्टा गण्डकी प्रदेशका अध्यक्ष श्री किशोर दाहाल ज्यूको अध्यक्षतामा होटल टिका रिर्सोटमा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा नेपाल नागरिक उड्डयन तथा प्राधिकरण (CAAN) का प्रबन्ध निर्देशक श्री प्रदिप अधिकारी ज्यू, नेपाल नागरिक उड्डयन तथा प्राधिकरण प्रधान कार्यालय काठ्माडौंको निर्देशक श्री उत्सवराज खरेल ज्यू, उपनिर्देशक इन्जिनियर दिपेन्द्र श्रेष्ठ ज्यू, उपनिर्देशक नविन प्रसाद अधिकारी ज्यू, उपनिर्देशक राजेन्द्रसिंह नायक ज्यू, नागरिक उड्डयन प्राधिकरण पोखराका निर्देशक विक्रमराज गौतम ज्यू, पोखरा पर्यटन परिषदका अध्यक्ष तारानाथ पहारी ज्यू, नाट्टा गण्डकी प्रदेशका पूर्व अध्यक्ष परिषदका संयोजक श्री बासदेवु त्रिपाठी ज्यू, नाट्टा गण्डकी प्रदेशका पूर्व अध्यक्ष ज्यूहरु, पत्रकार महासंघ गण्डकी प्रदेश एवं कास्कीका अध्यक्ष ज्यूहरु, विभिन्न संघ संस्थाका अध्यक्ष ज्यूहरु एवं प्रतिनिधी ज्यूहरु, पत्रकार ज्यूहरु, विभिन्न सरोकारवाला निकायहरु एवं संस्थाका कार्यसमिति सदस्यहरुको उपस्थितिमा अन्तरक्रिया तथा खुला छलफल कार्यक्रम सम्पन्न भएको थियो ।

## ग) प्रमोशनल हवाई उडान तथा पत्रकार सम्मेलनः

मिति २०८१ पुस ११ गते नाट्टा गण्डकी प्रदेशको आह्वानमा चीनको सिचुवान एयरलाइन्सद्धारा पोखरा अन्तराष्ट्रिय विमानस्थलबाट काठमाडौंको त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा संस्थाका अध्यक्ष श्री किशोर दाहाल ज्यूको नेतृत्वमा उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश सरकारका माननीय मन्त्री श्री मित्रलाल बस्याल ज्यू उक्त मन्त्रालयका पर्यटन सचिव श्री कुमानसिंह गुरुङ्ग ज्यू, नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रबन्ध निर्देशक श्री प्रदिप अधिकारी ज्यू लगाएत सम्पूर्ण उहाँको टिम, नाट्टा गण्डकी प्रदेश पूर्व अध्यक्ष परिषदका संयोजक ज्यू तथा पूर्व अध्यक्ष ज्यूहरु, पोखरा पर्यटन परिषदका अध्यक्ष तथा कार्यसमिति सदस्य ज्यूहरु, विभिन्न संघ-संस्थाका अध्यक्ष ज्यूहरु तथा प्रतिनिधि ज्यूहरु, पोखराका विभिन्न क्षेत्रका उधोग व्यवसायी, पर्यटन व्यवसायी, विभिन्न मिडियाका मिडियाकर्मी, नागरिक समाज, नाट्टा गण्डकी प्रदेशका पदाधिकारी एवं कार्यसमिति सदस्यहरु, संस्थाका सदस्यहरु लगाएतका महानुभावहरुको सहभागितामा सिचुवान एयरलाइन्सको उडान मार्फत १२६ जना यात्रुहरुको सहभागितामा सफल प्रमोशनल फ्लाइट सम्पन्न भएको थियो । तत्पश्चात सम्पूर्ण सवार व्यक्तित्वहरुको सम-उपस्थितीमा

त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको सभाकक्षमा पोखरा अन्तराष्ट्रिय विमानस्थल प्राविधिक हिसाबले मात्र नभई सम्पुर्ण कुरामा उडान योग्य रहेको कुरा जानकारी गराउने उद्धेश्यका साथ पत्रकार सम्मेलनको आयोजना गरिएको थियो ।
उक्त पत्रकार सम्मेलन नाट्टा गण्डकी प्रदेशका अध्यक्ष श्री किशोर दाहाल ज्यूको अध्यक्षतामा प्रमुख अतिथि उधोग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश सरकारका माननीय मन्त्री श्री मित्रलाल बस्याल ज्यूको उपस्थितीमा, नेपाल नागरिक उड्डयन तथा प्राधिकरणका प्रबन्ध निर्देशक श्री प्रदिप अधिकारी ज्यू तथा नेपाल पत्रकार महासंघ केन्द्रिय अध्यक्ष श्री निर्मला शर्मा ज्यू, नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष श्री रमेश पौडेल ज्यू, नेपाल नागरिक उड्डयन प्राधिकरण (CAAN) काठमाडौँका सम्पूर्ण टिम तथा पोखरा काठमाडौ प्रमोशनल फ्लाइट सिचुवान एयरलाइन्सद्धारा काठमाडौ प्रस्थान गर्नुहुने विभिन्न मिडियाका मिडियाकर्मी ज्यूहरु, उद्योग व्यवसायीहरु, पर्यटन व्यवसायीहरु, अन्य महानुभावहरु, पोखरा पर्यटन परिषदका अध्यक्ष तथा प्रतिनिधि ज्यूहरु, नाट्टा गण्डकी प्रदेशका साधारण सदस्यज्यूहरु एवं महानुभावहरुको भव्य उपस्थिति रहेको थियो । उक्त प्रमोशनल फ्लाईट का संयोजन संस्थाका प्रमुख उपाध्यक्ष श्री संगीता पौडेल र सह-संयोजनको भूमिका संस्थाका द्धितिय उपाध्यक्ष श्री राजेश पहारी ज्यूले गर्नुभएको थियो ।

**घ) अन्तरक्रिया कार्यक्रम एवं छलफल :**

मिति २०८१ जेठ १५ गते कानुन अन्वेषण तथा स्रोतविकास केन्द्र (**सेलर्ड**)को आयोजना तथा संघको सहकार्यमा टिका रिसोर्ट लेकसाईडमा बालबालिकाको इन्टरनेट सुरक्षा तथा उनीहरुको इन्टरनेटमा पहुँचको अधिकार सुनिश्चितता विषयक एक दिने **Consultative workshop on Child Protection Policy for Travel & Tour Agencies** बिषयमा रहेर अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त कार्यक्रमको संयोजन संघका प्रथम उपाध्यक्ष श्री संगीता पौडेले ज्यूले गर्नु भएको थियो । उक्त कार्यक्रममा पर्यटन व्यबसायमा संलग्न संस्थाका सदस्यहरु, हान, टान, होम स्टे, भिटोफ, ट्रेकिङ गाईड लगाएत संस्थाका प्रतिनिधिहरुको सहभागीता रहेको थियो । उक्त कार्यक्रम आयोजना गर्नको लागी सहकार्य एवं सहयोग गर्नुहुने **सेलर्ड** एवं सम्पूर्ण प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौँ ।

**७. अन्तरप्रदेश पर्यटन प्रर्बद्धन तथा अन्तरक्रिया कार्यक्रम (मधेश प्रदेश र कोशी प्रदेश)**

मिति २०८१ मंसिर २२ देखि २८ गतेसम्म अन्तरप्रदेश पर्यटन प्रर्बद्धन तथा अन्तरक्रिया कार्यक्रम नाट्टा गण्डकी प्रदेशको आयोजना एवं उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश सरकारको प्रर्बद्धनमा मधेश प्रदेश र कोशी प्रदेशका विभिन्न स्थानहरुमा सम्पन्न गरिएको थियो ।

क) तत् उद्धेश्य अनुरुप मिति २०८१ मंसिर २४ गते कोशी प्रदेश इलाम जिल्लाको इलाम नगरपालिकाको कार्यालयमा संस्थाका अध्यक्ष श्री किशोर दाहालज्यूको अध्यक्षतामा उक्त नगरपालिकाका मेयर श्री केदार थापा ज्यूको प्रमुख आतिथ्यतामा संस्थाका निवर्तमान अध्यक्ष श्री

हरिराम अधिकारी ज्यू, संस्थाका पूर्व अध्यक्ष श्री पोमनारायण श्रेष्ठ ज्यू, नगर पर्यटन प्रर्बद्धन इलाम नगरपालिकाका संयोजक श्री शुसिला सापकोटा ज्यू, त्यहाँका विभिन्न संघ संस्थाका अध्यक्ष ज्यूहरु एवं प्रतिनिधि ज्यूहरु, व्यवसायी ज्यूहरु तथा सरोकारवाला निकायहरुसँग संयुक्त रुपमा प्रर्बद्धन तथा अन्तरक्रिया एवं पर्यटकिय स्थलहरुको अवलोकन कार्यक्रम सभ्य र भव्य रुपमा सम्पन्न गरियो । उक्त अन्तरक्रिया कार्यक्रम सफल तुल्याउन अहम भूमिका खेल्ने उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश सरकार एवं इलाम नगरपालिका र सहभागी संस्थाका सदस्यहरुलाई संस्थाको तर्फबाट हार्दिक आभार तथा धन्यवाद ज्ञापन गरियो ।

ख) यसै उद्धेश्य अनुरुप मिति २०८१ साल मंसिर २५ गते कोशी प्रदेशको विराटनगर स्थित होटल एयरपोर्टको सभाहलमा संस्थाका अध्यक्ष श्री किशोर दाहाल ज्यूको अध्यक्षतामा कोशी प्रदेश पर्यटन वन तथा वातावरण मन्त्रालयमा सचिव श्रीमान विशाल घिमिरे ज्यूको प्रमुख आतिथ्यतामा संस्थाका निवर्तमान अध्यक्ष श्री हरिराम अधिकारी ज्यू, संस्थाका पूर्व अध्यक्ष श्री पोमनारायण श्रेष्ठ ज्यू, नेपाल पर्यटन बोर्ड पूर्व सदस्य श्री कृष्ण शाह ज्यू, नाट्टा कोशी प्रदेशका अध्यक्ष श्री पुण्य भट्टराई तथा कार्यसमिति ज्यूहरु, त्यहाँ उपस्थित हुनुभएका सम्पूर्ण संघ-संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरु, व्यवसायीहरु एवं पत्रकारहरु र सहभागी नाट्टा गण्डकी प्रदेश कार्यसमिति एवं सदस्य ज्यूहरुको बिचमा गण्डकी प्रदेशको पर्यटन प्रर्बद्धन एवं अन्तक्रिया कार्यक्रम भव्य रुपमा सम्पन्न गरियो ।

ग) यसै गरी २०८१ मंसिर २६ गते मधेश प्रदेशको जनकपूर स्थित Welcome Hotel को सभाहलमा संस्थाका अध्यक्ष श्री किशोर दाहाल ज्यूको अध्यक्षतामा मधेश प्रदेश सरकारका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री माननीय सकिल अलि मियाँ ज्यूको प्रमुख आतिथ्यतामा नाट्टा मधेश प्रदेशका अध्यक्ष श्री मोहन शर्मा लामिछाने तथा कार्यसमिति ज्यूहरु होटल संघ मधेश प्रदेशका अध्यक्ष श्री विजय झुनझुनवाला ज्यू एवं कार्यसमिति ज्यूहरु, त्यहाँ रहेका सम्पूर्ण संघ संस्थाका अध्यक्ष ज्यूहरु एवं प्रतिनिधी ज्यूहरु, पत्रकार ज्यूहरु तथा विभिन्न व्यवसायीहरु र सहभागी नाट्टा गण्डकी प्रदेश कार्यसमिति एवं सदस्य ज्यूहरुको बिचमा गण्डकी प्रदेशको पर्यटन प्रर्बद्धन एवं अन्तरक्रिया कार्यक्रम भव्य रुपमा सम्पन्न गरियो ।

यस अन्तरक्रिया कार्यक्रमको संयोजन संस्थाका प्रथम उपाध्यक्ष श्री संगीता पौडेलज्यूले गर्नुभएको थियो भने संस्थाको तर्फबाट अध्यक्ष श्री किशोर दाहाल ज्यू, निवर्तमान अध्यक्ष श्री हरीराम अधिकारी ज्यू, महासचिव श्री चेत बहादुर कार्की (चेतन) ज्यू, सचिव श्री नवराज भण्डारी ज्यू, सह-कोषाध्यक्ष श्री सन्दिप श्रेष्ठ ज्यू, कार्यसमिति सदस्यज्यूहरु क्रमसः प्रतिक लामिछाने ज्यू, पदम राज आचार्य ज्यू, गीता सिग्देल ज्यू, तुल ब. गुरुङ ज्यू, पूर्व अध्यक्ष श्री पोमनारायण श्रेष्ठ ज्यू साथै संस्थाका सदस्य ज्यूहरु श्री नारायण बराल, संगीता अधिकारी, महिमा पौडेल ज्यूहरुको सहभागीता रहेको थियो । साथै यस कार्य सफल तुल्याउन सहयोग गर्नुहुने सहयोगी संस्थाहरु उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश सरकार, इलाम नगरपालिका, नाट्टा कोशी प्रदेश परिवार, नाट्टा मधेश प्रदेश परिवार एवं प्रत्यक्ष र परोक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण संघ संस्थाहरु, सहयोगी मनहरु, शुभकामना व्यक्त गर्नुहुने शुभेच्छुक ज्यूहरु तथा यस कार्यक्रममा उपस्थित हुनुहुने संस्थाका सदस्य ज्यूहरु प्रति हार्दिक आभार एवं धन्यवाद ज्ञापन गर्दछौं ।

## ८. होली कार्यक्रम

मिति २०८१ फागुन २९ गते रंगहरुको पर्वको रुपमा परिचित हिन्दुहरुको महान पर्व फागु पुर्णिमाको अवसरमा संस्थाले विगतका बर्षहरुमा झैं यस बर्ष पनि संस्कृतिको जगेर्ना गर्ने, आपसी सम्बन्धलाई प्रगाढ बनाउन होली खेलि शुभकामना आदान प्रदान गर्ने उद्धेश्यले २०८१ फागुन २९ गते पर्यटक बसपार्क राष्ट्रबैंक चोकमा सम्पन्न गरिएको थियो । उक्त कार्यक्रमको संयोजन संघका कार्यसमिति सदस्य श्री छविरमण पौडेल ज्यूले गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन संघका महासचिव श्री चेत बहादुर कार्की (चेतन) ज्यूले ले गर्नुभएको थियो । कार्यक्रममा N.T.B. गण्डकी प्रदेश कार्यालय प्रमुख श्री मणिराज लामिछाने ज्यूको प्रमुख आतिथ्यता सम्पन्न भएको थियो । त्यसैगरि पोखरा पर्यटन परिषद्का अध्यक्ष श्री तारानाथ पहारी ज्यूको बिशेष उपस्थिति रहेको थियो । नाट्टा गण्डकी प्रदेश पूर्व अध्यक्ष परिषदका संयोजक श्री बासुदेव त्रिपाठी ज्यू, नाट्टा गण्डकी प्रदेशका पूर्व अध्यक्ष ज्यूहरु, निवर्तमान अध्यक्ष ज्यू, पदाधिकारी एवं कार्यसमितिका सदस्य ज्यूहरु र नाट्टा गण्डकी प्रदेशका सदस्य ज्यूहरुको उल्लेखनिय उपस्थिति रहेको उक्त कार्यक्रममा संस्थाका अध्यक्ष श्री किशोर दाहाल ज्यूले उपस्थित सम्पूर्णमा शुभकामना तथा धन्यवाद सहित कार्यक्रमको समापन गर्नुभएको थियो ।

## ९. नाट्टा क्यालेण्डर प्रकाशन २०८२:

नाट्टा गण्डकी प्रदेशको बार्षिक कार्ययोजनामा रहेको क्यालेण्डर प्रकाशनलाई निरन्तरता दिदैं नाट्टा टेबुल क्यालेण्डर २०८२ प्रकाशन गरिएको छ । संघको क्यालेण्डर प्रकाशन कार्यलाई पुर्णता दिदैं संघका सदस्य ज्यूहरु,सरकारी तथा गैर सरकारी निकायहरु, व्यवसायिक प्रतिष्ठान, बिभिन्न संघ संस्थाहरु एवं सहयोगी विज्ञापन दाताहरुमा समेत बितरण गरिएको थियो । क्यालेण्डर प्रकाशनको संयोजन संघका सह-कोषाध्यक्ष श्री सन्दीप श्रेष्ठ ज्यूले गर्नु भएको थियो । क्यालेण्डर प्रकाशनमा विभिन्न व्यवसायिक प्रतिष्ठानहरुले विज्ञापन उपलब्ध गराउनु भई प्रकाशनका लागि सहयोग गर्नुभएको थियो । विज्ञापन उपलब्ध गराउन सहयोग गर्नुहुने सम्पूर्ण विज्ञापन दाताहरु एवं यस कार्यका लागि सहजीकरण गर्नुहुने सम्पूर्णमा हार्दिक आभार प्रकट गर्न चाहान्छु । साथै विज्ञापन उपलब्ध गराउने विज्ञापन दाताहरुको नामवाली यस प्रकार रहेको छ ।

| S.N. | Company Name |
|---|---|
| 1. | Open Visit Nepal Travels & Tours Pvt.Ltd |
| 2. | CIWEC Hospital Travel Medical Center |
| 3. | Nepal Clearing House (NCHL) Ltd. |
| 4. | Buddha Air |
| 5. | Fishtail Holidays Pvt.Ltd. |
| 6. | Air Dynasty Heli Services |
| 7. | Linkage Tours & Travels Pvt.Ltd |
| 8. | Roaming Nepal Travel & Tours Pvt.Ltd |
| 9. | Yeti Airlines |
| 10. | Rupakot Resort |
| 11. | Good Luck Adventure Travel Pvt.Ltd |
| 12. | Simrik Air |

## १०. नाट्टा गण्डकी प्रदेश संघको सम्पन्न बैठकहरु :

यस वर्ष संघको कार्यसमितिको बैठक निम्नानुसार बसेको थियो ।

क) नियमित बैठक १२ वटा
ख) संयुक्त बैंठक ६ वटा
ग) आकस्मिक बैठक ३ वटा
घ) कार्यसमिति अतिरिक्त बैठक ३ वटा
उल्लेखित सबै बैठकहरु पूर्ण गणपूरक संख्या सहित सम्पन्न भएको थियो ।

## ११. नाट्टा गण्डकी प्रदेश सदस्यहरु :

हालसम्म नविकरण भएका र नयाँ सदस्यता प्राप्त गरेको सदस्यहरु १५३ रहेका छन् जसमध्ये आ.ब. २०८१।०८२ मा आबद्ध नयाँ सदस्यहरुको नामावली यस प्रकार रहेको छ ।

1. Magical Nepal Treks & Tour Pvt.Ltd
2. C.T. Himalayan Trip Travel Pvt.Ltd
3. Great Pokhara Tours & Travels Pvt.Ltd
4. Gurkha Arms Tours & Travels Pvt.Ltd
5. Wood Apple Tours & Travels Pvt.Ltd
6. Lakeshore Tours & Travels Pvt.Ltd
7. Envision Tours & Travels Pvt.Ltd
8. Glorious Adventure Travels & Trek Pokhara Pvt.Ltd

## १२. सक्रिय सहभागीता :

१. मिति २०८१-०५-०५ गते पोखेली ट्याक्सी सेवा प्रा.लि.को छैठौं वार्षिक साधारण सभामा नाट्टा गण्डकी प्रदेशको अध्यक्ष श्री किशोर दाहाल ज्यूको सहभागीता रहेको थियो ।

२. मिति २०८१-०५-१४ गते नेपाल पर्वतारोहण संघ गण्डकी प्रदेशको १६ औं बार्षिक साधारण सभामा संघका अध्यक्ष श्री किशोर दाहालज्यूको सहभागिता रहेको थियो ।

३.मिति २०८१-०५-१५ गते टान गण्डकी प्रदेशको ३१औं वार्षिक साधारण सभा तथा १८औं अधिवेशनमा नाट्टा गण्डकी प्रदेशको अध्यक्ष श्री किशोर दाहाल ज्यूको सहभागीता रहेको थियो ।

४. मिति २०८१-०५-२८ गते पोखरा उद्योग वाणिज्य संघको ७० औं बार्षिक अधिवेशन तथा ३५ औं महाधिवेशनमा संघका अध्यक्ष श्री किशोर दाहाल ज्यूको सहभागीता रहेको थियो ।

५.मिति २०८१-०५-२५ गते प्याराग्लाईडिङ्ग व्यवसायीहरु तथा खेलाडीहरुको साझा संस्था नेपाल हवाई खेलकुद संस्था (ना) को २१ औं बार्षिक साधारण सभा एवं १० औं अधिवेशनमा संघका अध्यक्ष श्री किशोर दाहाल ज्यूको सहभागीता रहेको थियो ।

६.मिति २०८१-०६-२५,२६ गते गाउँ पर्यटन प्रबर्द्धन मञ्च-नेपाल द्वारा विश्व पर्यटन दिवस को अवसर पारेर आयोजना गरिएको २ दिने होमस्टे प्रमोशन एवं सांस्कृतिक प्रचार प्रसार कार्यक्रममा नाट्टा गण्डकी प्रदेशका अध्यक्ष श्री किशोर दाहाल ज्यूको सहभागीता रहेको थियो ।

७. मिति २०८१-०७-०९ गते ईम्ब्रोईडरी एण्ड गार्मेन्ट एशोसिएसन “एगा” पोखराको २१ औँ साधारण सभा तथा ११ औँ अधिवेशन मा नाट्टा गण्डकी प्रदेशका अध्यक्ष श्री किशोर दाहाल ज्यूको सहभागीता रहेको थियो ।

८. इटहरीमा सम्पन्न Eastern Tourism Mart संघका अध्यक्ष श्री किशोर दाहाल ज्यू, द्वितिय उपाध्यक्ष श्री राजेश पहारी ज्यू र कार्य समिति सदस्य श्री पदम राज आचार्य ज्यूको सहभागीता रहेको थियो ।

९. नाट्टा केन्द्रको ६०औं बार्षिक उत्सवमा संस्थाका अध्यक्ष श्री किशोर दाहाल ज्यूको सहभागीता रहेको थियो ।

१०. नाट्टा लुम्बिनी प्रदेशको साधारण सभा तथा अधिवेशनमा संस्थाका अध्यक्ष श्री किशोर दाहाल ज्यूको नेतृत्वमा संस्थाका निवर्तमान अध्यक्ष श्री हरिराम अधिकारी ज्यू, प्रथम उपाध्यक्ष श्री संगीता पौडेल ज्यू,द्धितिय उपाध्यक्ष श्री राजेश पहारी ज्यू, महासचिव श्री चेत बहादुर कार्की ज्यू, सह-कोषाध्यक्ष श्री संन्दिप श्रेष्ठ ज्यू, कार्यसमिति सदस्यहरु क्रमशः श्री प्रतिक लामिछाने, पदमराज आचार्य ज्यूहरुले सहभागीता जनाउनु भएको थियो ।

११. मिति २०८१ फाल्गुन २१,२२,२३ जर्मनको बर्लिनमा आयोजित The ITB Berlin (International Tourism Berlin) मा संघका कार्यसमिति सदस्य तथा **लिङकेज टुर्स एण्ड ट्राभल्स प्रा.लि**.का प्रबन्ध निर्देशक श्री प्रतिक लामिछाने ज्यूले सहभागीता जनाउनु भएको थियो ।

१२.मिति २०८१ चैत्र ५ गते पोखरा-छेन्दु-पोखरा सिचुवान एयरको प्रमोशनल फ्लाईट र पोखराको पर्यटन प्रर्बद्धनका लागि संघका अध्यक्ष श्री किशोर दाहाल ज्यू, कार्यसमिति सदस्य श्री छविरमण पौडेल ज्यूको सहभागीता जनाउनु भएको थियो ।

१३. मिति २०८१ फागुन १० पाटा नेपाल  च्याप्टरले आयोजना गरको Nice Expo Program पोखराको Event Center मा संस्थाको तर्फबाट सक्रिय सहभागीता रहेको थियो ।

१४. मिति २०८१ चैत्र ३१ गते होटल संघ पोखरा नेपालको आयोजनामा भएको ब्याडमिन्टन प्रतियोगितामा संस्थाको तर्फबाट निवर्तमान अध्यक्ष श्री हरिराम अधिकारी र महासचिव श्री चेत बहादुर कार्की ज्यू सहभागी हुनु भएको थियो ।

१५. विभिन्न संस्थाहरु, सरकारी निकायहरुले आयोजना गरेका कार्यक्रम, सभा सम्मेलन एवं विचार गोष्ठिहरुमा संस्थाको सक्रिय सहभागीता रहेको थियो ।

## १३. सम्पन्न भएका संयुक्त बैठकहरु:

**१.** मिति २०८१ श्रावण २० गते नाट्टा गण्डकी प्रदेशका अध्यक्ष श्री किशोर दाहाल ज्यूको अध्यक्षतामा नाट्टा केन्द्र, प्रदेशहरु, च्याप्टरहरु र कार्यसमिति सदस्यहरु बीच संयुक्त बैठक टिका रिर्सोटको सभाहलमा परिचयात्मक एवं व्यवसायिक चुनौति तथा सम-सामयिक अवस्थाका बारेमा छलफल गरिएको थियो ।

**२.** मिति २०८१ मंसिर १६ गते संस्थाका अध्यक्ष श्री किशोर दाहाल ज्यूको अध्यक्षतामा पोखरा अन्तराष्ट्रिय विमानस्थल संञ्चालनका लागि संस्थाका पूर्व अध्यक्ष ज्यूहरु, पोखरा पर्यटन परिषदका पदाधिकारी ज्यूहरु, संस्थासँग आबद्ध अग्रज पर्यटन व्यवसायीहरु बिच सरोकारवाला निकायहरुमा यथाशक्य नियमित उडान संञ्चालन गर्नका लागि ज्ञापन पत्र बुझाउने निर्णय गरिएको थियो ।

**३.** मिति २०८१ चैत्र १३ गते नाट्टा गण्डकी प्रदेशको कार्य समिति र China Travel Service International Chengdu Travel Service Co. Ltd का प्रतिनिधीहरु बिच पोखरा अन्तराष्ट्रिय विमानस्थलबाट चीनको छेन्दु एयरपोर्टमा नियमित उडान सम्बन्धी बिषयमा गहन छलफल भएको थियो ।

**४.** मिति २०८१ चैत्र २६ गते नाट्टा गण्डकी प्रदेश कार्यसमिति र पोखरा महानगरपालिका का प्रमुख धनराज आचार्य ज्यूको बिशेष उपस्थितिमा पूर्व अध्यक्ष परिषदका संयोजक श्री बासुदेव त्रिपाठी ज्यू, पोखरा पर्यटन परिषदका अध्यक्ष श्री तारानाथ पहारी ज्यू, पोखरा उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष श्री विश्वशंकर पालिखे ज्यू, पूर्व अध्यक्ष ज्यूहरु, सम्पूर्ण कार्य समिति सदस्य ज्यूहरु बिच पोखरा अन्तराष्ट्रिय विमानस्थल बाट नियमित उडान तथा चार्टर उडानलाई कसरी नियमित एवं व्यवस्थित गर्न सकिन्छ र पोखरा महानगरपालिकाले मनाईरहेको पोखरा भ्रमण बर्ष २०२५ लाई सफल बनाउने सन्दर्भमा घनिभूत छलफल भएको थियो ।

**५.** मिति २०८१ बैशाख २५ गते नाट्टा गण्डकी प्रदेशको कार्यसमिति, पूर्व अध्यक्ष ज्यूहरु र हिमालयन एयरलाइन्सका प्रतिनिधिहरु बिच पोखरा अर्न्तराष्ट्रिय विमानस्थल बाट पोखरा-ल्हासा-पोखरा हवाई भाडादर समय सापेक्ष नरहेकाले समायोजन गर्नुपर्ने, पोखरा देखि सार्क राष्ट्रहरुमा पनि सिधा उडान सेवा बिस्तार गर्नुपर्ने एवं अन्य समसामयिक बिषयहरुमा समेत छलफल गरिएको थियो ।

**६.** मिति २०८२ जेठ १६ गते शुक्रबार नाट्टा गण्डकी प्रदेश कार्यसमिति र थाइल्याण्ड का पर्यटन व्यवसायी बिच दुई देशका पर्यटन सेवालाई थाईल्याण्डलाई पोखरामा र पोखरालाई थाईल्याण्डका बजारहरुमा प्रर्बद्धन र बजारीकरण गर्ने र दुई देशका पर्यटन व्यवसायीहरु बिच आत्मियता एवं व्यवसायिक सम्बन्धको विकास गर्नुपर्नेमा जोड दिईएको थियो ।

## १६. सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु :

**क)** मिति २०८१ फागुन ०९ गते पोखरा महानगरपालिका वडा नं.-१८ स्थित चिसाखोला बेद बिद्याआश्रममा ५०,०००।- (अक्षरुपी रु.पचास हजार) बराबरको खाद्यान्न सामाग्री हस्तान्तरण कार्यक्रम सम्पन्न भएको थियो । जसमा संस्थाका कार्यसमिति सदस्य श्री गीता सिग्देल ज्यूले आफ्नो जन्मदिनको अवसरमा २०,०००।- (अक्षरुपी रु. बिस हजार) र बाँकी संस्थाका कार्यसमिति हरुद्धारा आर्थिक सहयोग गरिएको उक्त कार्यक्रमको अध्यक्षता संस्थाका अध्यक्ष श्री किशोर दाहाल ज्यू तथा पोखरा पर्यटन परिषदका अध्यक्ष श्री तारानाथ पहारी ज्यूको प्रमुख आतिथ्यतामा संस्थाका निवर्तमान अध्यक्ष श्री हरिराम अधिकारी ज्यू, पूर्व अध्यक्ष परिषदका सह-संयोजक श्री सन्तोष पोखरेल ज्यू एवं कार्यसमिति परिवारको उपस्थितिमा उक्त कार्यक्रम सम्पन्न गरिएको थियो ।

**ख) ४५ औ अन्तराष्ट्रिय पर्यटन दिवसको अवसरमा रक्तदान कार्यक्रम :**

मिति २०८१ असोज ११ गते ४५ औँ अन्तराष्ट्रिय पर्यटन दिवसको अवसरमा नाट्टा गण्डकी प्रदेशको प्राङ्गणमा संस्थाका अध्यक्ष श्री किशोर दाहाल ज्यूको अध्यक्षतामा उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेशका सचिव श्रीमान कुमान सिंङ्ग गुरुङ्ग ज्यूको प्रमुख आतिथ्यतामा पोखरा पर्यटन परिषदका अध्यक्ष श्री तारानाथ पहारी ज्यूको बिशेष उपस्थिती, संस्थाका निवर्तमान अध्यक्ष श्री हरिराम अधिकारी ज्यू, विभिन्न संघ संस्थाका अध्यक्ष ज्यूहरु एवं प्रतिनिधी ज्यूहरु, रक्तसंचार केन्द्र कास्की, संस्थाका पदाधिकारी ज्यूहरु एवं कार्यसमिती ज्यूहरु, संस्थाका सदस्य ज्यूहरु र रक्तदाताहरुको उपस्थितिमा ४५ यूनिट रगत संकलन गरि भव्य रुपमा सम्पन्न भएको थियो । उक्त कार्यक्रमको संयोजन संघका कार्यसमिति सदस्य श्री गीता सिग्देल ज्यूले गर्नु भएको थियो ।

**१७. आ.व. २०८२/०८३ का लागि संस्थाले तय गरेका भावी राष्ट्रिय तथा अन्तराष्ट्रिय कार्यक्रमहरु निम्न अनुसार रहेका छन् :**

- **राष्ट्रिय कार्यक्रमहरुः**

१.गण्डकी प्रदेश भित्र रहेका पर्यटकिय गन्तव्यहरुमा स्थलगत अबलोकन गरि थप प्रचार प्रसार तथा बजारीकरणका लागी छलफल गरी आन्तरिक पर्यटकहरुलाई नयाँ गन्तव्य सहितको प्याकेजको व्यवस्था गरिनेछ ।

२.४६ औँ विश्व पर्यटन दिवसको अवसरमा पोखराको प्रवर्द्धनको साथै पर्यटक आगमनमा जोड दिने कार्यक्रम आयोजना गरी पोखरा "हरेक मौसमको लागी" विश्वमा नै रोजिएको गन्तव्य हो भन्ने विषयमा Branding को लागि अन्तरक्रिया गरी प्रचार प्रसार गरिनेछ ।

३.नाट्टा गण्डकी प्रदेशको क्यालेण्डर, बुलेटिन तथा गत वर्षबाट सुरु गरिएको स्मारिकालाई निरन्तरता दिइनेछ ।

४.पोखराको पर्यटकिय गन्तव्यहरुलाई संरक्षण र प्रबर्द्धन मात्र नभएर पर्यटकिय स्थलहरुको मर्मत सम्भारको लागि स्थानिय सरकारसँग पहल गरिने छ ।

५.पोखरा अन्तराष्ट्रिय विमानस्थलबाट थप अर्न्तराष्ट्रिय उडानको लागी सार्क राष्ट्र चीन लगाएत अन्य देशका गन्तव्यहरुमा उडान गर्नका लागि विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय Airlines Company एवं सरोकारवाला निकायहरुसँग पहल गरिनेछ ।

६.Digital Marketing का लागि Advance Course तालिमहरुको आयोजना गरिनेछ ।

७. गण्डकी प्रदेश भित्र रहेका संघ संस्थाहरु एवं स्थानिय निकायहरु, नाट्टा केन्द्र तथा केन्द्रसँग आबद्ध प्रदेशहरु, च्याप्टरहरु एवं संस्थाका सदस्यहरु बिच भएका सम्बन्धहरुलाई अझ प्रगाढ सुमधुर एवं जिवन्त राख्नका लागि अन्तरक्रिया तथा छलफल एवं फेलोसिपका कार्यक्रमहरु आयोजना गरिनेछ ।

८. पोखराका पर्यटकिय गन्तव्यहरुलाई संरक्षण र प्रर्वद्धनका लागि स्थानिय सरकार सँग पहल एवं सहकार्य गरिनेछ ।

९.पोखरा महानगरपालिकाले मनाईरहेको "पोखरा भ्रमण बर्ष २०२५" को नाट्टा गण्डकी प्रदेश पनि कार्य सम्पादन समिति सदस्य रहेको र पोखरालाई समृद्ध पर्यटनको शहर बनाउनका लागि सम्बन्धित पक्षहरु सँगको सहकार्यमा दिइएको जिम्मेवारी पुरा गरिनेछ ।

१०. नाट्टा गण्डकी प्रदेशले बैंक तथा वित्तीय संघ संस्थाहरुसँग गरेको सम्झौतालाई निरन्तरता दिइनेछ ।

११. संस्थाले आयोजना गर्ने तालिमहरु Basic तथा Advance को वर्गिकरण गरि निरन्तरता दिइनेछ।

१२.Tourism Excellence Award यस वर्षबाट शुरुवात गरिनेछ ।

**१३. तालिम/गोष्ठी तथा अन्तरक्रिया कार्यक्रमहरु:**

क) **टुरिष्ट गाइड तालिम:** विगतका बर्षहरुमा जस्तै यस बर्ष पनि आयोजना गरिनेछ ।

ख) यस बर्ष विभिन्न G.D.S कम्पनीहरु सँग आवश्यक सहकार्य र समन्वय गरि एयर टिकेटिङ्ग सिस्टम तथा Tour Package सम्बन्धी तालिमको आयोजना गरिनेछ ।

ग) व्यवसायिक हितका लागि Online Business Promotion व्यापार प्रर्बद्धन र क्षमता अभिवृद्धि सम्बन्धी विविध तालिमहरुको आयोजना गरिनेछ ।

घ) चाइनिज भाषा तालिमलाई निरन्तरता दिईनेछ ।

ङ) सरकारी निकाय र अन्य संघ संस्थाहरुले आयोजना गर्ने कार्यक्रमहरुमा संघले सक्रिय सहभागिता जनाउनेछ ।

१४.नाट्टा गण्डकी प्रदेशको आर्थिक बर्ष २०८२।०८३ को लागि अन्य अन्तराष्ट्रिय स्तरको कार्यक्रमको. लागि समेत पहल गरिनेछ ।

❖ **अन्तराष्ट्रिय कार्यक्रमहरुः**

१. Pokhara Travel Mart-2025 नाट्टा गण्डकी प्रदेशको आयोजना एवं Nepal Tourism Board गण्डकी प्रदेशको सहकार्यमा यो बर्ष पर्यटनको राजधानी शहर पोखरामा गरिनेछ ।

२. Sales Mission, $B_2B$ जस्ता प्रर्बद्धनात्मक कार्यक्रमहरु अन्तराष्ट्रिय शहरहरुमा गरिनेछ ।

३. मित्रराष्ट्र भारत र नेपालको सिमा शहरहरुमा Sales Mission को आयोजना गरिने तथा भारतका अन्य शहरहरुमा आयोजना हुने TTF,IITM,OTM,DDTM,BITM जस्ता अन्तराष्ट्रिय कार्यक्रहरुमा सहभागिता जनाई समग्र गण्डकी प्रदेशको प्रर्बद्धन गरिनेछ ।

४. Pokhara Promotion Campaign 2025-2026 चीनका विभिन्न शहरहरुमा $B_2B$ तथा Sales Mission को आयोजना गरिनेछ ।

५. बंगालादेशको विभिन्न शहरहरुमा $B_2B$ तथा Sales Mission को पहल गरिनेछ ।

**बधाई ज्ञापनः**

**क.** संघका पूर्व अध्यक्ष ज्यूहरु, पदाधिकारी ज्यूहरु, सदस्य ज्यूहरु एवं शुभचिन्तक ज्यूहरु विभिन्न संघसंस्थाको विभिन्न पदहरुमा निर्वाचित एवं पदोन्नती हुनु भएकोमा संघको तर्फबाट बधाई तथा शुभकामना प्रदान गरिएको थियो ।

**ख.** नाट्टा केन्द्रको प्रादेशिक उपाध्यक्षमा संघका अध्यक्ष श्री किशोर दाहाल ज्यू सर्वसम्मत रुपमा निर्वाचित हुनुभएकोमा संस्थाको तर्फबाट बधाई तथा शुभकामना व्यक्त गरिएको थियो । साथै सर्वसम्मत चयन गर्न सहयोग गर्नुहुने नाट्टा केन्द्र, प्रदेश संघहरु एवं च्याप्टरहरुलाई धन्यवाद ज्ञापन गर्दछौं ।

**अन्त्यमाः**

यस कार्यसमितिलाइ खुलेर सहयोग गर्नुहुने विभिन्न सरकारी निकायहरु उद्योग, पर्यटन, नेपाल टुरिजम बोर्ड, नाट्टा केन्द्र, प्रदेश संघहरु, च्याप्टरहरु बिभिन्न संघ संस्थाहरु, व्यापारीक प्रतिष्ठानहरु, पुर्व अध्यक्ष ज्यूहरु, बोर्डका पदाधिकारी ज्यूहरु, कार्यसमितिका सहकर्मी मित्रहरु सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु । नाट्टा गण्डकी प्रदेशलाई बिशेष सहयोग गर्ने पोखरा महानगरपालिका, पोखरा पर्यटन परिषद, परिषद सँग आवद्ध संघ संस्थाहरु, विभिन्न कार्यक्रम सम्पन्न गर्न अहोरात्र खट्नु हुने कार्यक्रम संयोजक ज्यूहरु, प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग गर्नु हुने सम-आदरणीय महानुभावहरु, संघमा आवद्ध आदरणीय सदस्यज्यूहरु साथै पत्रकार ज्युहरु र आ-आफ्नो तर्फबाट पुऱ्याउनु भएको अपार सहयोग र सद्भाव प्रति हार्दिक आभार प्रकट गर्दै आगामी दिनहरुमा पनि यहाँहरुको सहयोग र सद्भाव निरन्तर रहनेछ भन्ने विश्वास लिएको छु ।

**धन्यवाद !**
**जय नाट्टा !**

**मितिः २०८२ भाद्र १२ गते बिहिबार ।**



चेत बहादुर कार्की (चेतन)
महासचिव
नाट्टा गण्डकी प्रदेश, पोखरा ।